जिल्लाको जनजीवन सामान्यउन्मुख

सरकारी कार्यालयहरूमा सेवा पुनः सञ्चालन

लुटपाट गरिएका सामान फिर्ता हुँदै

■ सौर्य समाचार

काठमाडौं । जेनजी आन्दोलनपछि ठप्प भएका विभिन्न जिल्लाका गतिविधि पुरानै अवस्थामा फर्काउने कसरत भइरहेको छ। यससँगै, सोमबारसम्म आइपुग्दा जिल्लाहरूको जनजीवन सामान्यउन्मुख रहेको पाइएको छ। धनुषामा रहेका सरकारी कार्यालयहरूले सेवा प्रवाह सुरु गरेका छन्। सेवाग्राहीहरू पनि कार्यालयहरूमा आउन थालेका छन्। साथै, यहाँका बैंक तथा वित्तीय संस्थाहरू पनि सञ्चालनमा आएका छन्। जिल्ला प्रशासन कार्यालय धनुषा जनकपुरधामले सरकारी कार्यालयहरूलाई नियमित सेवा प्रवाह गर्न लिखित सूचना जारी गरेपछि कार्यालयहरू सरसफाइ गरी खुल्न थालेका हुन्।

यस्तै, जनकपुरधाम उपमहानगरपालिका-९ स्थित मधेस प्रदेश लोक सेवा आयोगको कार्यालयबाट लुटिएको हतियारसहित २ जनालाई सोमबार पक्राउ गरिएको छ। यसैगरी, दाडको तुलसीपुर उपमहानगरपालिकाको फोहोर फाल्ने गाडीमा आगजनी भएर फोहोर नउठेपछि युवाहरूले उठाउने अभियान थालेका छन्। तुलसीपुरका २ युवा भूपेन्द्र वली र प्रकाश भण्डारीले बजारमा व्यापक फोहोर भएपछि यो अभियान थालेको बताए।

त्यस्तै, जेनजी प्रदर्शनका क्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित विभिन्न मन्त्रालय, आयोग, निकाय, कार्यालय र आवासबाट लुटपाट गरिएका सामग्री फिर्ता गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अनुरोध गरेको छ। कार्यालयले सामान फिर्ता गर्नेको पहिचान गोप्य राखिने जनाएको छ। त्यसैगरी, जेनजी आन्दोलनका कारण प्रभावित बनेको सार्वजनिक सेवा बिस्तारै सञ्चालन हुन थालेको छ। अदालतलगायत सरकारी निकाय र कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्ववत् रूपमा सञ्चालन गर्ने प्रयास भइरहेको हो। जिल्ला प्रशासन कार्यालय, कास्कीले आइतबारदेखि मुद्दा, शान्तिसुरक्षा र विपद् व्यवस्थापनलगायत अत्यावश्यक सेवा सञ्चालन गरिएको जनाएको छ। नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत अन्य सेवालाई क्रमिक रूपमा सञ्चालन गरिने भएको हो।

उच्च अदालत पोखरा, बागलुङ इजलासले पनि सोमबारदेखि मुद्दाको सुनुवाइलगायत अदालतको नियमित कामकारबाहीलाई नियमित रूपमा सञ्चालन गरिने जनाएको छ। पोखरा महानगरपालिकालगायत स्थानीय तहले पनि अत्यावश्यक सेवा प्रवाह गर्न सुरु गरेका छन्। अन्य सरकारी कार्यालयले पनि बिस्तारै सेवा प्रवाहलाई सहज बनाउने प्रयासमा छन्। गण्डकी प्रदेशका कतिपय स्थानीय तहमा आइतबारदेखि नै विद्यालय सञ्चालनमा आएका छन्।

बाँकेका केही सरकारी कार्यालयबाट लुटपाट गरेको सामान फिर्ता हुन थालेका छन्। जिल्ला अदालत, बाँकेबाट लुटपाट गरिएको सामान नेपालगन्जका घरमा रहेको भन्ने सुराकका आधारमा प्रहरीले घरमा छापा हानेर फिर्ता गराएको छ। नेपाल भारत जमुनाह, रुपैडिया सीमा नाका पूर्ण रूपमा सञ्चालनमा आएको छ। केही दिन बन्द रहेको नाका सोमबारदेखि पूर्ण रुपमा सञ्चालनमा आएको इलाका प्रहरी कार्यालय, जमुनाहका प्रहरी निरीक्षक उपेन्द्र बुढाथोकीले जानकारी दिए। उनले अहिले सीमा क्षेत्रमा आवतजावत गर्न कुनै समस्या नभएको औँल्याउँदै भारतबाट दसैँ मनाउन आउने नेपाली निर्बाध आइरहेको बताए।

जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको पूर्वीनाकास्थित मेची भन्सार कार्यालयले सोमबारदेखि आयातनिर्यात सुरु भएको छ। आन्दोलनकारीले भन्सार कार्यालयमा गत २४ भदौमा तोडफोड र आगजनी गरेपछि आयात निर्यातको काम ठप्प भएको थियो। यस्तै, चितवन जिल्ला अदालतले सोमबारदेखि सीमित सेवा सञ्चालन गरेको छ। जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको अदालतले सामान्य सेवाहरू सुरु गर्न लागेको हो।

यसैगरी, जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले अवरुद्ध सेवा सोमबारदेखि सुरुआत गरेको छ। जेनजी आन्दोलनका क्रममा कार्यालय भवन तोडफोड र आगजनी हुँदा सेवा अवरुद्ध भएका थिए। सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीका अनुसार तोडफोडका कारण कार्यालयमा विद्युत्, इन्टरनेट र नागरिकता प्रणालीमा क्षति पुगेको थियो। मर्मत गरेर कार्यालयका सेवा थालिएको उनले बताए।

काभ्रेमा जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त सरकारी कार्यालयद्वारा आफ्ना सेवालाई नियमित गर्ने तयारी गरेका छन्। क्षतिग्रस्त प्रहरी कार्यालय तथा स्थानीय तहले वैकल्पिक व्यवस्थापन गरी सेवा नियमित गर्न लागेका हुन्। बनेपामा रहेका क्षतिग्रस्त जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई साँगा प्रहरीचौकीमा स्थानान्तरण गरी सेवा नियमित गर्न लागिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ। आन्दोलनका क्रममा चितवनमा जिल्लाका ७९ सरकारी कार्यालयमा क्षति भएको पाइएको छ। निजी क्षेत्रका १७ व्यावसायिक र निजी घरमा क्षति पुगेको छ।

हराएका हतियारको खोजी

काभ्रे। नेपाल प्रहरीले पनि विभिन्न जिल्लाबाट हराएका हतियारको खोजी कार्यलाई तीव्रता दिएको छ। जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले पनि यसलाई अघि बढाइरहेको छ। शनिबारदेखि अभियानका रूपमा खोजी गरेको प्रहरीले केही हतियार, गोली बरामद गर्दै अपराधमा संलग्न केही व्यक्तिलाई पक्राउसमेत गरेको छ। यसबीचमा प्रहरीले ठुलो परिमाणमा गोलीसहित ८ जनालाई पक्राउ गरेको छ।

यस्तै आन्दोलनका क्रममा कारागारबाट फरार भएका ३७ कैदीबन्दीलाई पक्राउ गरी आइतबार सम्बन्धित कारागार पठाएको जनाइएको छ। प्रहरी उपरीक्षक कोमल शाहले आन्दोलनका बेला भएका लुटपाट, चोरी र तोडफोडमा संलग्नको पहिचानसहित पक्राउ कार्यलाई तीव्रता दिइएको बताए। मातहतका प्रहरी युनिटलाई आगजनी, तोडफोड तथा लुटपाटमा संलग्नलाई खोजी गर्न निर्देशन दिइएको छ।

विराटनगरको भाटभटेनीमा शव भेटियो

विराटनगर। भाटभटेनी सुपर मार्केटको मोरङको विराटनगरस्थित स्टोरमा पनि एउटा शव फेला परेको छ। जेनजी आन्दोलनका क्रममा आगजनी गरिएको विराटनगर महानगरपालिका-६ स्थित भाटभटेनी सुपर मार्केटमा सोमबार जलेको अवस्थामा शव फेला परेको हो। मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरियाले सोमबार दिउँसो दोस्रो तल्लामा जलेको अवस्थामा शव फेला परेको जानकारी दिए।

जेनजी आन्दोलनकारीका नाममा अराजक समूहले गत २४ भदौमा आगजनी गरेर भाटभटेनी ध्वस्त पारेको थियो। भाटभटेनी सरसफाइ गर्ने क्रममा कर्मचारीले सोमबार जलेको अवस्थाको शव फेला पारेको प्रहरीले जनाएको छ। शुक्रबार भाटभटेनीको धरान शाखामा ४ जनाको शव फेला परेको थियो।

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घरखेडा, कैलाली

सुदूरपश्चिमप्रदेश, नेपाल

आ.व. २०८२/०८३ मा विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुबाट पत्र पत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी शिलवन्दी प्रस्ताव पेश गर्ने बारे सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०५/३१)

यस गाउँपालिकाले चालु आ.व.२०८२/०८३ को लागि बोलपत्र सम्बन्धी राष्ट्रिय दैनिक पत्रिकामा प्रतिसपर्धा मार्फत् सबैभन्दा बढी छुट कवोल गर्ने फर्मवाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुले यसै सूचना साथ संलग्न विवरणहरु यस कार्यालयको website: www.churemun.gov.np बाट डाउनलोड गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उक्त प्रस्ताव हार्डकपि मार्फत् (दर्ता भइसक्नु पर्ने मिति : २०८२/०६/१९ गते, बेलुका ५ वजे सम्म, प्रस्ताव खोल्ने मिति : २०८२/०६/२० गते दिउसो १२:०० वजे) यस कार्यालयमा तपशिलका कागजातहरु सहित पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

- संस्था/एजेन्सी अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत पत्र
- अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र
- मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र/स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाण पत्र
- आ.व.२०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र
- विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रमाणित प्रतिलिपी
- शिलबन्दी प्रस्ताव फाराम दस्तुर वापत रु.१०००।- यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचर
- निवेदन
- ईमेलमा पठाइएको निवेदन स्वीकार गरिने छैन।

प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

कोशी प्रदेश, नेपाल

विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/३१

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको जस्ता पाता खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ।

बोलपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण

सि. नं.	बोलपत्र नं.	कार्यको विवरण	स्वीकृत ल.ई.रकम (भ्याट वाहेक) रु.	धरौटी रकम	खरिद तथा आपूर्ति	बोलपत्र दस्तुर
१.	RRM/NCB/ Goods/ 09/2082-083	Procurement and supply of Green colour 0.40mm thick CGI sheet of 9 feet length	१,०१,८५,१७७६६	३,००,०००	नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत, बिक्रेता, डिलर/सप्लायर्स	रु.३०००/–

प्रमुख प्रशासकीय अधिकृत

Chautara Sangchokgadhi Municipality

Office Of The Municipal Executive

Chautara, Sindhupalchok

Bagmati Province, Nepal

Invitation for Electronioc Bids

Invitation for Electronic Bids for Construction of Ward no-8 office Building (Irkhu), CSGM-08

First Date of publication: 2082/05/31 (16th Sep 2025)

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

Contract Identification No	Description	Estimated Amount (Exclusive of VAT and Contingencies)	Bid Security Amount	Price of Bid Document	Bid Submission Last Date, Time	Bid Opening Date, Time
CSGM/NCB/WORKS -02/082/083	Construction of Ward no-8 office Building (Irkhu), CSGM-08	34,54,840.97	95,000.00	Rs. 3,000.00	2082/06/30 (16th Oct 2025) at 12:00 hrs	2082/06/30 (16th Oct 2025) at 13:00 hrs

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Bank Limited, Chautara Branch

   Name of Office: Chautara Sangachokgadhi Municipality

   Account Number (Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001

   Dharauti Khata No. 05703000003000000001

   Office Code No: 801032701

   Rajaswa (revenue) Shirshak no.: 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara ,Sindhupalchok at 2082/06/19 (05th Oct 2025) on 13:00 hrs.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 95,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

Chief Administrative Officer

Chautara Sangachokgadhi Municipality

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०५/३१

यस कम्पनीको मिति २०८२।०५।२३ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **रुद्रतिल विल्डर्सप्रा.लि. (दर्ता नं. ३६६०२८)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०५।२३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रुद्रतिल विल्डर्स एण्ड ट्रेडर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

अधिकृत वारेसनामा बदरको सूचना

सरिता लामाको (ना.प्र.नं ८६५२४, २०६०/४/२१, नुवाकोट) नाउँमा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला ओखरपौवा गा.वि.स. वडा नं. ३ कि.नं. १५४९ र कि.नं. १५५२ को क्रमशः क्षे.फ. ०-५-२-३ (१८०.८२.व.मि.) र ०-१०-१-१ (३२७.८४ व.मि.) जग्गाहरु राजीनामाको लिखतबाट हक हस्तान्तरण गर्न म सरिता लामाको सट्टामा सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई आवश्यक सम्पूर्ण कार्य गर्नका लागि मेरा एकाघरका श्रीमान तेज बहादुर लामाको नाती ज्ञान बहादुर लामाको छोरा का.जि.चन्द्रागिरी न.पा.वडा नं १२ बस्ने वर्ष ५३ को बासु लामा (ना.प्र.न.२२२७-१३५७ जि.प्र.का. काठमाण्डौं मिति २०४७/५/१३) लाई मिति २०७९/०७/२५ गते रोज ६ मा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त वारेसनामा बदर गरिएको हुँदा निजले आजका मिति देखि उक्त अधिकृत वारेसको हैसियतले गर्ने कुनै पनि काम कारबाही मान्य नहुने गरी सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) (ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९।०९।०७ मा दर्ता भएको **प्रा.लि. नं. ३०४२२२** को **भी.टी. सर्भिसेस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०५।११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

काठ लिलाम विक्री सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२।५।३१

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगढी भएको गोलिया काठ लिलाम प्रकिया द्वारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगढीमा मौज्दात रहेको जात,नयाँ,साल २१९ थनको २१६२।६५ क्युफिट आपुर्ति फिर्ता साल ४९ थानको ५२८।३३ क्युफिट गरी जम्मा २६८ थानको २६९०।८८ क्युफिट काठलाई शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्न पर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र १६ औं दिनको ३ वजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्वन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

अध्यक्ष

श्री धमकोट सामुदायिक वन उपभोक्ता समूह

मोहन्याल गा.पा. ५ धमकोट कैलाली